**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT), परीक्षा नियन्त्रण कार्यालयको अनलाइन पोर्टल मार्फत आवेदन दिने पूर्ण प्रक्रिया तल दिइएको छ। कृपया फारम भर्नु अगाडि यो प्रयोगकर्ता निर्देशिका ध्यानपूर्वक पढ्नुहोला।**

## चरण १: नयाँ खाता दर्ता (Registration)


१) CTEVT को परीक्षा नियन्त्रण कार्यालयको वेबसाइट(www.ctevtexam.org.np) मा जानुहोस् र Online Application को लिङ्कमा क्लिक गर्नुहोस्।




२) माथि दायाँ कुनामा रहेको "Register" बटनमा क्लिक गर्नुहोस्। यदि तपाईं विद्यार्थी आफैंले आवेदन दिँदै हुनुहुन्छ भने 'Individual' छनौट गर्नुहोस्। यहाँ आफ्नो नाम, ईमेल, मोबाइल नम्बर र एउटा बलियो पासवर्ड राख्नुहोस्।




यदि शिक्षालय Register गर्दै हुनुहुन्छ भने 'Institutional' छनौट गरी संस्थाको विवरण भर्नुहोस्।





३) **जानकारी भर्नुहोस्:**

- **Name (नाम):** आफ्नो पूरा नाम भर्नुहोस्।
- **Email (इमेल):** आफ्नो वैध इमेल ठेगाना प्रविष्ट गर्नुहोस्।
- **Mobile (मोबाइल):** आफ्नो मोबाइल नम्बर भर्नुहोस्।
- **Password (पासवर्ड):** कम्तीमा ६ वटा अक्षर, नम्बर, अल्फाबेट र विशेष क्यारेक्टर भएको पासवर्ड बनाउनुहोस्।
- **Confirm Password (पासवर्ड पुनः पुष्टि गर्नुहोस्):** माथि भर्नुभएको पासवर्ड फेरि टाइप गर्नुहोस्।
- **यदि Institutional ID register गर्दै हुनुहुन्छ भने संस्था छनोट गरि ITMS को Username र Password प्रविष्ट गर्नुहोस्।**
- सबै जानकारी सही भरेपछि **"Submit"** बटनमा क्लिक गर्नुहोस्।

४) यदि दर्ता सफल भयो भने, तपाईंले "Registration done successfully." भन्ने सन्देश देख्नुहुनेछ।

**चरण २: लगइन (Login)**

१) दर्ता सफल भएपछि, लगइन पृष्ठमा फर्किनेछ। दर्ता गरिसकेपछि आफ्नो **ईमेल वा मोबाइल नम्बर** र पासवर्ड प्रयोग गरेर प्रणालीमा प्रवेश गर्नुहोस्। यदि पासवर्ड बिर्सनुभयो भने 'Forgot Password?' मा क्लिक गरी आफ्नो ईमेल मार्फत पुनः प्राप्त गर्न सक्नुहुन्छ।




२) **जानकारी भर्नुहोस्:**


- Email/Mobile (इमेल/मोबाइल): दर्ता गर्दा प्रयोग गरेको इमेल वा मोबाइल नम्बर प्रविष्ट गर्नुहोस्।
- Password (पासवर्ड): दर्ता गर्दा सेट गरेको पासवर्ड भर्नुहोस्।

३) **"Login"** बटनमा क्लिक गर्नुहोस्।

४) **लगइन सफल सन्देश:** लगइन सफल भएपछि, तपाईंले "Login Successful" भन्ने सन्देश देख्नुहुनेछ।

**चरण ३: ड्यासबोर्डमा आवेदन प्रकार छान्नुहोस् (Select Application Type)**


१) लगइन गरेपछि, तपाईं आवेदन ड्यासबोर्डमा पुग्नुहुनेछ। यहाँ विभिन्न प्रकारका आवेदनहरू देखिनेछन्।




- "Diploma/PCL Level" अन्तर्गत पुर्ण शुल्कीय (Full Fee Paying), **वर्गीकृत** (नि:शुल्क) छात्रवृत्ति (Classified Scholarship) र विषेश छात्रवृत्ति (Special Scholarship)
- "Pre-Diploma Level" अन्तर्गत पुर्ण शुल्कीय (Full Fee Paying), **वर्गीकृत** (नि:शुल्क) छात्रवृत्ति (Classified Scholarship) र विषेश छात्रवृत्ति (Special Scholarship)
- 'My Requests' बटनमा क्लिक गरेर आफ्ना पुराना आवेदनहरूको अवस्था पनि हेर्न सक्नुहुन्छ।


## पुर्ण शुल्कीय फाराम भर्ने विस्तृत प्रक्रिया

१) "Diploma/PCL Level" को पुर्ण शुल्कीय (Full Fee Paying) को लागि "Diploma/PCL Level" अन्तर्गत पुर्ण शुल्कीय (Full Fee Paying) को रेडियो बटनमा क्लिक गर्नुहोस्। "Pre-Diploma Level" को पुर्ण शुल्कीय (Full Fee Paying) को लागि " Pre-Diploma Level" अन्तर्गत पुर्ण शुल्कीय (Full Fee Paying) को रेडियो बटनमा क्लिक गर्नुहोस्।




२) "Proceed" (अगाडि बढ्नुहोस्) बटनमा क्लिक गर्नुहोस्।

## चरण ४: सामान्य जानकारी (General Information) भर्नुहोस्




१) **व्यक्तिगत विवरणहरू भर्नुहोस्:**

- First Name (पहिलो नाम): आफ्नो पहिलो नाम भर्नुहोस्।
- Middle Name (बीचको नाम): यदि छ भने भर्नुहोस्।
- Last Name (अन्तिम नाम): आफ्नो अन्तिम नाम भर्नुहोस्।
- Gender (लिङ्ग): लिङ्ग चयन गर्नुहोस् (Male/Female/Other) ।

- Date of Birth (B.S.) (जन्म मिति बि.सं.): आफ्नो जन्म मिति नेपाली मिति (बि.सं.) मा भर्नुहोस्। AD मिति स्वतः देखा पर्नेछ।
- Father's/Mother's Name (बुबा/आमाको नाम): बुबा वा आमाको पूरा नाम भर्नुहोस्।
- Religion (धर्म): आफ्नो धर्म चयन गर्नुहोस्।
- Caste (जाति): आफ्नो जाति चयन गर्नुहोस्।
- Email (इमेल): (यो पहिले नै भरिएको हुन सक्छ) ।
- Mobile No. (मोबाइल नम्बर): (यो पहिले नै भरिएको हुन सक्छ) ।
- Country (देश) चयन गर्नुहोस्।

२) **स्थायी ठेगाना (Permanent Address) भर्नुहोस्ः**


- Province (प्रदेश): आफ्नो प्रदेश चयन गर्नुहोस्।
- District (जिल्ला): आफ्नो जिल्ला चयन गर्नुहोस्।
- Municipality/Rural Municipality (नगरपालिका/गाउँपालिका): आफ्नो नगरपालिका वा गाउँपालिका चयन गर्नुहोस्।
- Ward No. (वडा नम्बर): आफ्नो वडा नम्बर भर्नुहोस्।

३) **अस्थायी ठेगाना (Temporary Address):**

- यदि अस्थायी ठेगाना स्थायी ठेगाना जस्तै छ भने, **"Temporary address same as permanent address"** चेकबक्समा टिक लगाउनुहोस्। अन्यथा, अस्थायी ठेगानाको विवरण भर्नुहोस्।

४) सबै जानकारी सही भरेपछि **"Next"** बटनमा क्लिक गर्नुहोस्।

**चरण ५: कार्यक्रम र संस्था जानकारी (Program and Institute Information) र शैक्षिक योग्यता (Educational Qualification) भर्नुहोस्**


Please fill up the form to proceed.
**Application Name: Diploma Full Fee Paying**

Program and Institute Information

| | | | |
|---|---|---|---|
| Application Type | Full Paying | | |
| Desired Program of study* | Health | Nursing | |
| **Desired Institute** | | | |
| Province | Bagmati Province | District | Kathmandu |
| Institute* | | | |

तपाईले आवेदन दिन चाहानुभएको कोटा छान्नुहोस्।

Quota

○ Lakshit Barga ○ TSLC Quota ○ Male ○ Full Fee Paying(General)

१) **Application Type (आवेदन प्रकार):** "Full Paying" देखा पर्नुपर्छ (तपाईंले पुर्ण शुल्किय रोजेको हुनाले) ।


२) Desired Program of study (अध्ययनको लागी आवेदन दिन चाहेको कार्यक्रम) चयन गर्नुहोस्।

३) **Desired Institute (चाहेको संस्था):**

- **Province (प्रदेश):** संस्था रहेको प्रदेश चयन गर्नुहोस्।
- **District (जिल्ला):** संस्था रहेको जिल्ला चयन गर्नुहोस्।
- Institute (संस्था): तपाईंले आवेदन दिन चाहेको संस्थाको नाम चयन गर्नुहोस्।

४) **Quota (कोटा):**

- आफू योग्य भएको कोटा (जस्तैः Lakshit Barga, TSLC Quota, Male(Nursing), Full Fee Paying (General)) चयन गर्नुहोस्। आंगिक तथा साझेदारी संस्थाहरुका हकमा संस्थाले प्रदान गर्ने कोटा पनि देखिनेछ।



यदि तपाईंको SLC/SEE ग्रेडिङ्ग सिस्टममा छ भने Division/Grading* मा Grading System छान्नुहोस् ।
यदि तपाईंको SLC/SEE Division मा छ भने Division/Grading* मा आफुले प्राप्त गरेको Division छान्नुहोस् र Marksheet मा भएका सम्पुर्ण विषय तथा प्राप्तांक भर्नुहोस्।

Educational Qualification

| | | | |
|---|---|---|---|
| Degree* | SEE/SLC | Division/Grading* | Grading System |
| School Name* | Aadarsha Secondary School | GPA* | 3.2 |
| Address* | Kathmandu | Marks Obtained (English)* | 3.0 |
| Type of School* | Government | Marks Obtained (Math)* | 2.9 |
| Passed Year* | 2081 | Marks Obtained (Science)* | 3.6 |
| Symbol No* | 2145413U | | |

*Note* : Please check your symbol number before you proceed. If any mistake entered you will be responsible for it.*

← Back → Next

१) Degree (डिग्री): SEE/SLC चयन गर्नुहोस्।

२) School Name (विद्यालयको नाम): आफ्नो विद्यालयको पूरा नाम भर्नुहोस्।

३) Address (ठेगाना): विद्यालय रहेको ठेगाना (जिल्ला वा शहर) भर्नुहोस्।


४) Type of School (विद्यालयको प्रकार): Government (सरकारी), Community(सामुदायिक) वा Private (निजी) चयन गर्नुहोस्।

५) Passed Year (उत्तीर्ण वर्ष): SEE/SLC उत्तीर्ण गरेको वर्ष (बि.सं.) भर्नुहोस्।

६) Symbol No. (सिम्बोल नम्बर): आफ्नो SEE/SLC को सिम्बोल नम्बर भर्नुहोस्।

७) Division/Grading (श्रेणी/ग्रेडिङ):

- यदि तपाईंको मार्कसिटमा Division (श्रेणी) उल्लेख छ भने, “Distinction”, "First", "Second" आदि चयन गर्नुहोस्।
- यदि Grading System (ग्रेडिङ प्रणाली) छ भने, "Grading System" चयन गर्नुहोस्।
- SEE को marksheet मा TH/IN भए नभएको एकिन गरि सोहि अनुसार छनोट गर्नुहोस्।





८) GPA (जिपिए): यदि ग्रेडिङ प्रणाली हो भने आफ्नो GPA भर्नुहोस्। (उदाहरण: 3.2)

९) Marks Obtained (English) (अंग्रेजीमा प्राप्त अंक): अंग्रेजी विषयमा प्राप्त अंक भर्नुहोस्।


१०) Marks Obtained (Math) (गणितमा प्राप्त अंक): गणित विषयमा प्राप्त अंक भर्नुहोस्।

११) Marks Obtained (Science) (विज्ञानमा प्राप्त अंक): विज्ञान विषयमा प्राप्त अंक भर्नुहोस्।

१२) यदि डिभिजन प्रणाली हो भने कुल प्राप्त अंक भर्नुहोस्। साथै सबै विषयका नाम र प्रप्तांक भर्नुहोस्।





१३)यदि तपाईले TSLC कोटा छन्नुभएको छ भने TSLC का विवरणहरु पनि अनिवार्य भर्नुहोस्।




१४) सिम्बोल नम्बर र अन्य जानकारी भर्दा राम्ररी जाँच गर्नुहोस्। कुनै गल्ती भएमा तपाईं स्वयं जिम्मेवार हुनुहुनेछ।


१५) सबै जानकारी सही भरेपछि **"Next"** बटनमा क्लिक गर्नुहोस्।

## चरण ६: आवश्यक कागजातहरू (Documents) प्रविष्ट गर्नुहोस्।





1. माथि उल्लेख गरिएका सम्पूर्ण आवश्यक कागजात (प्रति कागजात अधिकतम २००KB) प्रविष्ट गर्नुहोस् र "Next" बटन क्लिक गर्नुहोस्।
2. आवेदन शुल्क भुक्तानी गर्नु अघि पुनः एक पटक सम्पूर्ण विवरण रुजु गर्नुहोस् केही गल्ती सच्याउनु पर्ने भएमा "Back" बटन क्लिक गरि सच्याउन सकिन्छ। तर भुक्तानी भई आवेदन सफल भए पश्चात सच्याउन सकिनेछैन।


## चरण ७: Online Payment Gateway मार्फत आवेदन शुल्क भुक्तानी गर्नुहोस्।




भुक्तानी सफल भएपछि 'Payment Completed' सन्देश देखिनेछ।




‘My Request’ बटनमा गई आफ्नो आवेदनहरु को भुक्तानीको बिल डाउनलोड गर्न सकिनेछ।




| SN | Application No. | Name | Application Type | Program | Status | Submitted Date | Remarks | |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 830067020006 | TEST TEST | Diploma Full Fee Paying | Civil Engineering | Submitted Not Approved | 2026-04-29 | | Bill View |



तपाईले भर्नुभएका आवेदनहरुको विवरण हेर्न “My Request” बटनमा क्लिक गर्नुहोस्। आफ्नो “Username” र “Password” सुरक्षित राख्नुहोस्। अन्य सबै जानकारी, आवेदन शुल्क भुक्तानी बिल, Application Acceptance Card र तपाईको आवेदन सँग सम्बन्धित सूचना यही “My Request” मा आउछ।

महत्वपूर्ण जानकारी:

- फारम भर्नु अघि सबै आवश्यक कागजातहरू (पासपोर्ट साइजको फोटो, नेपाली नागरिकता वा जन्मदर्ताको प्रमाणपत्र, न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र, सरकारी वा सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेको प्रमाणित पत्र, लक्षित वर्गका लागि कागजातहरू) स्क्यान गरी तयारी अवस्थामा राख्नुहोस्।
- प्रत्येक चरणमा जानकारी सही छ वा छैन भनी राम्ररी जाँच गर्नुहोस्।
- यदि कुनै समस्या आएमा वा फारम भर्दा कुनै शंका लागेमा, सम्बन्धित कार्यालयमा सम्पर्क गर्नुहोस्।
- विशेष ध्यान दिनुहोस्ः कुनै पनि विवरण झुठो ठहरिएमा तपाईंको आवेदन रद्द हुन सक्छ। प्राविधिक समस्या आएमा ड्यासबोर्डमा रहेको सहायता नम्बरमा सम्पर्क गर्न सक्नुहुन्छ।

# Application Acceptance Card Sample

COUNCIL FOR TECHNICAL EDUCATION AND VOCATIONAL TRAINING
OFFICE OF THE CONTROLLER OF EXAMINATION
SANOTHIMI, BHAKTAPUR
**Diploma/PCL**
APPLICATION ACCEPTANCE CARD - 208

FULL FEE PAYING

Application No: 810106010008

Symbol Number: 50100007
Name:
Program: DIPLOMA/PCL IN NURSING (01)
Desired Institution:



**Form Fillup Quota:**

☑ Full Fee Paying(General)



................................
Applicant Signature

Approved By:
Name:
Designation: Province Director

Signature: 

Printed Date: 2025-07-05

- Note: This card must be presented at the time of Admission and Registration.